नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**समावेशी शिक्षा शाखा**
सानोठिमी, भक्तपुर

प.सं.:- २०७९/०८०
च.नं. २८

फोन : ०१–६६३१०७५
फ्याक्स : ०१–६६३१९७२

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

मिति :२०७९/०८/०१

श्री स्थानीय तहहरू ।

**विषयः बैंक खाता प्रविष्टिका लागि म्याद थप गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च. नं. १८ मिति २०७९/०६/३० गतेको पत्रबाट सामुदायिक विद्यालयका कक्षा ९–१२ मा अध्ययनरत विद्यार्थीहरूका लागि विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि मिति २०७९/०७/३० गतेभित्र बैंक खाता खोली शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा विवरण अद्यावधिक गर्नका लागि आह्वान गरिएकोमा कात्तिक मसान्तसम्म छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरूको खाता विवरण प्रविष्टि गर्ने क्रम जारी नै रहेको देखिएकाले पुनः २०७९/०८/३० सम्म म्याद थप गरिएको हुँदा विद्यालयहरूलाई यथाशीघ्र विद्यार्थीहरूको खाता खोल्न निर्देशन र समन्वय गरिदिनहुन र तोकिएको मितिभित्र विवरण प्रविष्टि गराईदिनहुन निर्देशानुसार अनुरोध छ ।

२०७९/०८/०१
.....................
मुक्तादेवी पोखरेल
शाखा अधिकृत